आँबुखैरेनी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

आँबुखैरेनी, तनहुँ
गण्डकी प्रदेश, नेपाल
२०७३


पत्र संख्या: ०८१/०८२
चलानी नं.:

मितिः २०८१/११/०१

## विषयः न्यूनतम् रोजगारीमा संलग्न हुनको लागि निवेदन दिने सम्बन्धी सूचना।

रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११, रोजगारीको हक सम्बन्धी नियमावली (दोस्रो संसोधन) २०७५ को नियम ७ र प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका (पहिलो संशिधन) २०७५ को दफा १८ बमोजिम आगामी आर्थिक वर्ष २०८२/८३ मा यस आँबुखैरेनी गाँउपालिकाको रोजगार सेवा केन्द्रको समन्वयमा प्रदान गरिने १०० (एक सय) दिन बराबरको न्यूनतम रोजगारीमा संलग्न भई सार्वजनिक विकास निर्माण कार्यमा योगदान गर्न इच्छुक बेरोजगार नेपाली नागरिक (१८ वर्ष देखि ५९ वर्ष सम्म उमेर) भएको व्यक्तिले मिति २०८१ फागुन १ गते देखी २०८१ फागुन २९ गते सम्म आफुले स्थायी बसोबास गरेको स्थानीय तहको सम्बन्धीत वडा कार्यलयमा बेरोजगार व्यक्तिको सूचीमा सूचिकृत हुनको लागी निवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ।

निवेदनको ढाँचा र यस सम्बन्धी विस्तृत जानकारी प्रधानमन्त्री रोजगार कार्यक्रमको वेबसाईट www.pmep.gov.np तथा आँबुखैरेनी गाँउपालिकाको रोजगार सेवा केन्द्रमा र सम्बन्धित वडा कार्यलयबाट प्राप्त गर्न सकिने छ। निवेदनको ढाँचा सम्बन्धित वडा कार्यलयले उपलब्ध गराए बमोजिम वा प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ (पहिलो संशोधन,२०७७) सहितको अनुसूची १ बमोजिम हुनुपर्ने छ।

**बेरोजगार व्यक्ति सूचिकृत हुनकालागि आवश्यक मापदण्ड तथा प्राथमिकताः**

(क) न्यून आय भएको तथा स्वरोजगारमा संलग्न नभएको ।
(ख) कृषि उत्पादन तथा ज्याला मज्दुरीले ३ महिना भन्दा कम खान पुग्ने परिवारको सदस्य भएको ।
(ग) भूमिहिन तथा सुकुम्बासी , अल्पसंख्यक समुदाय , लोपोन्मुख जनजाति , सिमान्तकृत वर्ग , एकल महिला , शहिद परिवार तथा बेपत्ता परिवारको सदस्य , अपाङ्गता भएका परिवारको सदस्य , दलित परिवारको सदस्य ।

**आवश्यक कागजातहरुः**

(१) निवेदकको नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ प्रति
(२) निवेदकको कुनै सीपमूलक तालिम लिएको भए सो प्रतिलिपि १ प्रति
(३) निवेदकको फोटो १ प्रति
(४) परिवारमा रहेको व्यक्तिहरुको नागरिकता प्रमाणपत्र वा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि १/१(अनिवार्य)
(५) बसाईसराई भएको भए सो को प्रमाणपत्रको प्रतिलिपि १ प्रति

नोटः निवेदनको ढाँचा सम्बन्धित वडा कार्यालयमा उपलब्ध छ ।

बोघार्थः

श्री सुचना प्रविधि शाखा , आँबुखेरेनी गाउँपालिका , सुचना वेबसाईटमा अपलोड गरिदिनु हुन।

श्री वडा कार्यलय सबै, आँबुखेरेनी गाउँपालिका।

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत